म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक १६४ बुधबार ११ माघ २०७९ ने. सं. ११४३ सिल्लाथ्व 25 January, 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**जाडो मौसममा सवारी दुर्घटनाको जोखिम बढी हुनसक्छ**

☞ सावधानीपूर्वक सवारी साधन चलाऔं ।
☞ हुस्सु, कुहिरो, शीतलहरको बेला बत्ति बालेरमात्र सवारी साधन चलाऔं ।
☞ सवारी साधन चलाउँदा मादक पदार्थ सेवन नगरौं ।
☞ सवारी चालकले मादक पदार्थ सेवन गरेको शंका लागेमा प्रहरीको नि:शुल्क टेलिफोन नं. १०० र १०३ मा खबर गरौं ।
☞ आफू पनि बचौं, अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## बागमतीले आज थप ८ मन्त्री पाउँदै, आजै शपथ

साझाकुरा संवाददाता

हेटौंडा, १० माघ/ बागमती प्रदेशमा ११ वटा मन्त्रालय संख्या निर्धारण भएसँगै आज बुधवार मन्त्रिपरिषद् विस्तार हुने भएको छ ।

मुख्यमन्त्री शालिकराम जम्मकट्टेलले थप ८ जना नयाँ मन्त्रीहरु नियुक्त गर्दैछन् । एकै दिन ८ मन्त्री नियुक्त गरेर उनले मन्त्रिपरिषद्लाई पूर्णता दिने योजना बनाएको बुझिएको छ । यसअघि जम्मकट्टेलले नेकपा एमाले संसदीय दलको नेता जगन्नाथ थपलियालाई आर्थिक मामिला तथा योजना मन्त्री र राप्रपा संसदीय दलको नेता उद्धव थापालाई विना विभागीय मन्त्री बनाएका थिए । त्यसयता बागमती प्रदेशमा मन्त्रिपरिषद् विस्तार हुन सकेको थिएन् । मन्त्रालय संख्या निर्धारण नभएका कारण पनि सरकार विस्तारमा ढिलाई भएको थियो ।

मंगलबार साँझ बसेको मन्त्रिपरिषद् बैठकमा भोलि २ बजे नयाँ मन्त्रीहरुको शपथ ग्रहण गर्नेबारे सहमति भएको छ । गठबन्धनमा भागबण्डा पनि टुंगो लाग्न बाँकी छ । समाचार तयार पर्दासम्म हेटौंडामा मुख्यमन्त्रीसहितका नेताहरु भागबण्डाका लागि छलफलमा जुटेका थिए । छलफलमा जम्मकट्टेल सहित पूर्वमुख्यमन्त्री डोरमणि पौडेल, एमाले संसदीय दलका नेता तथा आर्थिक मामिला तथा योजना मन्त्री जगन्नाथ थपलिया, राप्रपा संसदीय दलका नेता तथा विना विभागीय मन्त्री उद्धव थापा लगायतका शिर्ष नेताहरुको सहभागिता थियो ।



बागमतीमा मुख्यमन्त्री छाडेको एमालेले कम्तिमा ५ मन्त्रालय पाउनुपर्ने दाबी गरेको छ । माओवादी केन्द्र पनि ४ मन्त्रालय आफ्नो भागमा हुनुपर्ने अडानमा रहँदा राप्रपाले ३, समाजवादीले २ तथा हाम्रो नेपाली पार्टीले एउटा मन्त्रालय दाबी गरेको छ । तर, यसो हुँदा १४ मन्त्रालय बनाउनु पर्ने देखिन्छ । मन्त्रालय संख्या १४ बाट ११ मा झार्ने निर्णय भइसकेकोले यो अहिले सम्भव छैन । त्यसैले हाल दाबी गरिरहेका दलहरु आफ्नो दाबीबाट पछि हट्नुपर्ने देखिन्छ । समाजवादी र हानेपालाई तत्काल सरकारमा नैलजाने सहमति भएको जनाइएको छ ।

यसै गरी, सरकारमा एमाले, माओवादी केन्द्र र राप्रपा मात्रै जाने भएका छन् । तर, सरकारलाई समर्थन गरेका नेकपा (एकीकृत समाजवादी) र हाम्रो नेपाली पार्टीले पनि मन्त्रालय दाबी गरेका थिए । भागबण्डामा एमाले ५, माओवादी ४ र राप्रपाले २ वटा मन्त्रालय पाउने पक्कापक्की भएको छ । तर कुन-कुन मन्त्रालय कस्को भागमा भन्ने विषय टुंगो लगाउन मंगलबार साँझ बैठक बसेको थियो ।

मन्त्री बन्ने आकांक्षीहरुको संख्या धेरै भएकाले सरकारमा रहेका नेकपा एमाले, नेकपा माओवादी केन्द्र र राप्रपालाई मन्त्री छान्न सकस परेको छ । दलहरुले मन्त्री बन्नेहरुको नाम टुंगो लगाउन नसकेको हो । मुख्यमन्त्री जम्मकट्टेलले मन्त्रिपरिषद विस्तार गर्न खोजिरहँदा बागमतीको गठबन्धनका दलका नेताहरु मन्त्रीका लागि लबिङमा छन् । नेताहरु आफू अनुकुल मन्त्रालयका लागि पार्टीका शीर्ष नेतृत्वसँग भेटघाटमा व्यस्त बनेका छन् । यसैगरी सत्ता गठबन्धनको सबैभन्दा ठुलो दल एमालेबाट प्रकाश श्रेष्ठ, केशवप्रसाद पोखरेल, भारती पाठक, एकालाल श्रेष्ठ, अमन कुमार मास्के लगायतका सांसदहरुको नाम चर्चामा छ ।

एमालेबाट जगन्नाथ थपलिया यसअघि नै मन्त्री बनिसकेका छन् भने उपसभामुखमा अप्सार चापागाईं निर्वाचित भइसकेकी छिन् । हाल प्रदेशमा सरकारको नेतृत्व गरि रहेको दल माओवादी केन्द्रबाट मन्त्रीमा ८ जनाको चर्चा रहेको छ । जसमा प्रदेशसभाकी पूर्वउपसभामुखसमेत भइसकेकी राधिका तामाङ, पूर्वमन्त्री युवराज दुलाल, कुमारी मोक्तान, सरल सहयात्री, गंगा नारायण श्रेष्ठ, युवराज चौलागाई, प्रेमबहादुर पुलामी 'छिन्तु' र युवराज चौलागाईंको नाम चर्चामा छ । यस्तै राप्रपाबाट मन्त्रीमा कुमारी तामाङ, राजु विष्ट, डम्बरबहादुर तामाङ, लक्ष्मी घिमिरे, राजेन्द्र प्रजापतिलगायतले आकांक्षा व्यक्त गरेका छन् । यसअघि राप्रपाबाट प्रदेशको सभामुखमा भुवन कुमार पाठक निर्वाचित भइसकेका छन् भने उद्धव थापा विना विभागीय मन्त्री बनिसकेका छन् । उनलाई हालसम्म मन्त्रालयको जिम्मेवारी दिइएको छैन् ।

सरकारलाई समर्थन गरेको हाम्रो नेपाली पार्टीका शैलेन्द्रमान बज्राचार्य पनि मन्त्रीको लागि तीव्र लविङमा छन् । यस्तै सरकारलाई विश्वासको मत दिएको एकीकृत समाजवादीले पावरफुल मन्त्रालयमा दाबी गरिरहेको छ । एकीकृत समाजवादीबाट कृष्णप्रसाद शर्मा खनाल, लक्ष्मण लम्साल, बसन्तप्रसाद मानन्धर, रमा आले मगर, राजेन्द्रमान श्रेष्ठलगायत मन्त्रीको दाबेदार छन् । तर, एकीकृत समाजवादी र हानेपालाई सरकार मा नलैजाने भएपछि उनीहरुको मन्त्री बन्ने चाहनालाई तत्काललाई सकिने देखिएको छ ।

बागमती प्रदेशमा कुल १ सय १० सदस्यमध्ये कांग्रेसको ३७, एमालेको २७, माओवादी केन्द्रको २१, राप्रपाको १३, एकीकृत समाजवादीको ७, नेमकिपाको ३ र हाम्रो नेपाली पार्टीको २ जना सांसद छन् ।

## बागमतीमा तीन वटा मन्त्रालय कटौती, एउटैलाई तीन टुक्रा

साझाकुरा संवाददाता

हेटौंडा, १० माघ/ बागमती प्रदेशमा ३ वटा मन्त्रालय कटौती गरिएको छ । मंगलबार साँझ बसेको मन्त्रिपरिषद् बैठकले ११ वटा मन्त्रालय बनाउने निर्णय गरेको हो ।

मंगलबार नै मुख्यमन्त्री शालिकराम जम्मकट्टेललाई कार्यदलले दुई वटा विकल्पसहितको प्रतिवेदन बुझाएको थियो । प्रतिवेदनमा खर्चको हिसाबसहित ९ वा ११ वटा मन्त्रालय बनाउने सकिने बारे कार्यदलले सुझाव दिएको हो । कार्यदलको सुझावअनुसार ११ वटा मन्त्रालय बनाउने मन्त्रिपरिषद्बाट स्वीकृत भएको छ । यसो हुँदा प्रदेशमा हाल कायम रहेका १४ मन्त्रालयबाट ३ वटा मन्त्रालय कटौती भएको छ । कार्यदलका संयोजक मुकुन्द प्रसाद निरौलाको अनुसार प्रदेशमा हाल रहेको १४ मन्त्रालयहरुको प्रतिमन्त्रालय प्रत्येक वर्ष सेवा सुविधामा मात्रै ७३ लाख खर्च भइरहेको छ ।



त्यसैले प्रदेशको सुरुवातमा कायम रहेको ७ मन्त्रालय कायम गर्दै दुईवटा मन्त्रालय गठन गर्न समितिले सुझाव दिएको छ । त्यस्तैगरी प्रदेशसभाको १० प्रतिशतको दरले सरकारले ११ वटा मन्त्रालय पनि राख्न सक्ने समितिको सुझाव थियो । बागमतीमा अब मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आन्तरिक मामिला तथा कानुन मन्त्रालय, आर्थिक मामिला मन्त्रालय, खानेपानी, उर्जा तथा सिँचाइ मन्त्रालय, पर्यटन उद्योग तथा सहकारी मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, श्रम रोजगार तथा यातायात मन्त्रालय, सामाजिक विकास मन्त्रालय र स्वास्थ्य मन्त्रालय कायम भएको छ ।

यसअघिका भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय, युवा तथा खेलकुद मन्त्रालय र पर्यटन तथा संस्कृति मन्त्रालय कटौती गरिएको हो । कार्यदलको प्रतिवेदनमा साविकको भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई तीन टुक्रा पारिएको छ । भूमि व्यवस्थालाई कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा, सहकारीलाई उद्योग वाणिज्य मन्त्रालयमा र गरिबी निवारणलाई सामाजिक विकास मन्त्रालय गाभिएको छ । पर्यटन तथा संस्कृति मन्त्रालयलाई उद्योग वाणिज्य मन्त्रालयमा गाभिएको छ । यसैगरी, युवा तथा खेलकुद मन्त्रालयलाई सामाजिक विकास मन्त्रालयमा लगिएको छ । अब जिल्लास्थित घरेलु तथा साना उद्योग कार्यालयबाट सहकारी सम्बन्धी काम अगाडि बढाईने कार्यदलका संयोजक तथा बागमतीका प्रमुख सचिव निरौलाले बताए । *बाँकी पृष्ठ-३ मा...*

## बागमतीका सभामुख पाठकले छोडेनन् पार्टी

साझाकुरा संवाददाता

हेटौंडा, १० माघ/ बागमती प्रदेशका सभामुख भुवन पाठकले समान्यतय: सभामुख भएपछि पार्टीको जिम्मेवारीबाट अलग रहनुपर्ने मान्यतालाई नकारेको पाइएको छ ।

प्रतिनिधिसभामा सभामुख निर्वाचित भएपछि यसअघिका सभामुखहरुले पार्टीको जिम्मेवारी छोडेको उदाहरण छन् । प्रतिनिधि सभाका वर्तमान सभामुख देवराज घिमिरेले सभामुखमा निर्वाचित भएको भोलीपल्टै नेकपा एमालेको जिम्मेवारीबाट अलग भएको घोषणा गरेका थिए । तर, बागमतीका सभामुख पाठक भने निर्वाचित भएको १२ दिनसम्म पनि राप्रपाको जिम्मेवारीबाट अलग नभएका हुन् । पाठक २९ पसुमा बागमती प्रदेश



सभाको सभामुखामा सत्ता गठबन्धनका तर्फबाट निर्वाचित भएका थिए ।

राप्रपाबाट समानुपातिक सांसद बनेका पाठक बागमतीको दोस्रो सभामुख हुन् । प्रदेशसभाको पहिलो कार्यकालका सभामुख सानुकुमार श्रेष्ठ पनि पार्टीको जिम्मेवारीबाट अलग भएका थिए । पाठकले सभामुख भएपछि पार्टी छोड्नु पर्ने कुनै कानुनी व्यवस्था नभएको जिकिर गरे । 'सभामुख भएपछि पार्टीबाट राजीनामा दिनुपर्छ भनेर कुनै कानुनी व्यवस्था छैन् । मैले आवश्यकता अनुसार निर्णय गर्छु,' उनले भने । पार्टी छोड्ने वा नछोड्ने भन्ने विषय आफ्नो व्यक्तिगत भएकाले आवश्यक परेको अवस्थामा निर्णय गर्ने पाठकको भनाई छ ।

सभामुखले पार्टीको जिम्मेवारी त्यागेर सबै प्रदेशसभा सदस्यको सभामुख भएको विश्वास दिलाउनु पर्ने एक सांसद बताउँछन् । पार्टीको जिम्मेवारीमै रहँदा सभा सञ्चालनमा कतै पुर्वाग्रह रहने हो कि भन्ने आशंका संधै रहीरहने ती सांसदको भनाई छ । सभामुख निर्वाचनमा पाठकले ६८ मत पाएका थिए । बागमतीमा नेकपा एमाले, नेकपा माओवादी केन्द्र र राप्रपाको गठबन्धन सरकार छ ।

## दुई जना पुरुष मृत फेला

साझाकुरा संवाददाता

हेटौंडा, १० माघ/ मकवानपुरमा दुईजना पुरुष मृत अवस्थामा फेला परेका छन् ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरले दिएको जानकारी अनुसार मकवानपुरको कैलाश गाउँपालिका-६ पकने र हेटौंडा उपमहानगरपालिका-१८ मा गरी दुईजना पुरुष मृत अवस्थामा फेला परेका हुन् । प्रहरीले सोमबार कैलाश गाउँपालिका-६ पकने मराङसिङमा धादिङ गजुरी गाउँपालिका-४ भूमिढुंगाका २२ वर्षीय शंकर तामाङ रहेको बताएको छ । तामाङ स्थानीय वीरबहादुर ब्लोनको बारीमा मृत अवस्थामा फेला परेका हुन् । घटनाको बारेमा अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

**व्यापारिक मार्ट बिक्रीमा**

हेटौंडा उपमहानगरपालिका-४ पारिजातपथ स्थित व्यापारिक मार्ट विशेष कारण वश बिक्रीमा रहेकोले खरिद गर्न इच्छुक महानुभावहरुले निम्न सम्पर्क नम्बरमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

**सम्पर्क नम्बर:**
९८४५०२७०६४/९८५५०६८०३८

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

☞ कार वास भित्र/बाहिर
☞ वाइरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३



साझाकुरा

## हाम्रो कुरा

# गरिबी निवारणमा ठोस योजना आवश्यक

नेपालमा बर्षेनि गरिबी घटिरहेको तथ्याङ्ग सार्वजनिक हुने गरेपनि निरपेक्ष गरिबीको रेखामुनि रहेका समूहको जीवनस्तरमा खासै परिवर्तन हुन सकेको छैन । करिब डेढ वर्षअघि राष्ट्रिय योजना आयोग र अक्सफोर्ड विश्वविद्यालयको प्रतिवेदनमा बहुआयामिक गरिबी सूचकाङ्क (एमपीआई) अनुसार १०० मा २९ नेपाली गरिब रहेको देखिएको छ । सरकारी तथा गैरसरकारी संस्थाहरुले गरिबीको आ-आफ्नै ढंगले परिभाषित गरेका कारण मुलुकको गरिबीको संख्या यकिन हुन सकेको थिएन ।

सन् २०१४ को तथ्याङ्कका आधारमा गरिएको नयाँ अध्ययनअनुसार नेपालमा २८.६ प्रतिशत जनता गरिबीमा बाँचिरहेका छन् । एमपीआईको प्रतिवेदनअनुसार ग्रामीण क्षेत्रमा ३३.२ प्रतिशत बहुआयामिक गरिब छन् भने सहरी क्षेत्रमा गरिबीको दर ७ प्रतिशत छ । सन् २०११ मा गरिबीको दर ३९.१३ प्रतिशत रहेको थियो भने सन् २००६ मा ५९.३९ प्रतिशत रहेको थियो । झट्ट हेर्दा करिब १० वर्षको अवधिमा नेपालले आधाभन्दा बढी प्रतिशतले गरिबी घटाउन सफल देखिएको छ । आयमा आधारित गरिबीको दर भने नेपालमा २१.६ मात्रै रहेको तथ्याङ्कले देखाएको छ । तर, विकट पहाडी र हिमाली जिल्लाहरुमा गरिबीको दर अझै पनि कहालीलाग्दो नै देखिन्छ । मुलुकको गरिबी बढ्नुको कारणको खोजी गरी उपयुक्त कार्यक्रम ल्याउने हो भने गरिबी घटाउन सकिन्छ । यसका लागि प्रभावकारी नीति नियम, गरिबी निवारण कार्यक्रममा लक्षित वर्गको पहुँच, कार्यक्रमको समीक्षा र मूल्याङ्कन गर्नुपर्छ । साथै, राष्ट्रिय रोजगार नीतिको तर्जुमा गर्ने, बेरोजगारीहरुको लगत संकलन गर्ने, न्यूनतम ज्याला निर्धारण गर्ने, गरिब घरपरिवारको पहिचान गरी परिचयपत्र वितरण गर्नेजस्ता कार्यलाई प्रभावकारी बनाउनुपर्ने देखिन्छ ।

मुलुकले गति लिन नसक्नुको प्रमुख कारण गरिबी नै हो । जनताका दु:ख, सास्ती र कठिनाई जस्ताको तस्तै छ । मुलुकमा सुशासनको कमी छ र दातृ राष्ट्रबाट प्राप्त अनुदानको पनि सही सदुपयोग हुन सकेको छैन, जसले अप्रत्यक्षरुपमा गरिबी निवारणमा अवरोध सिर्जना गरिरहेको छ । गरिबी निवारणका सबै तहका सरकार र त्यसअन्तर्गत्का सबै निकाय क्रियाशील भएर लाग्नु जरुरी हुन्छ । गरिबी न्यूनीकरणको प्रयासलाई तीव्रता दिँदै भौगोलिक, लैंगिक, जातीय र अन्य वर्ग तथा समूहको असमानता र विभेदको अन्त्य गरी लक्षित वर्गलाई रोजगारमूलक कार्यमा लगाउन सके केही हद्सम्म गरिबी न्यूनीकरण गर्न सहयोग पुग्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक
साझाकुरा

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ माघ १२ गते बिहीबार २६ जनवरी २०२३ । पञ्चमी, माघ शुक्लपक्ष। सिल्लाथ्व ११४३ ने.सं. । सूर्योदय ६:५५, सूर्यास्त ५:३८। सरस्वती पूजा ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : शुभ समाचार मिल्नेछ | **तुला** | : सभा-समारोहमा अवसर मिल्नेछ |
| **वृष** | : व्यापार लाभप्रद रहनेछ | **वृश्चिक** | : आत्मविश्वासमा कमी आउनेछ |
| **मिथुन** | : सन्तानको चिन्ता बढ्नेछ | **धनु** | : व्यापारमा हानि हुन सक्नेछ |
| **कर्कट** | : सम्पत्तिसम्बन्धी विवाद हुनेछ | **मकर** | : समाजमा सराहना हुनेछ |
| **सिंह** | : रोकिएका काम सम्पादन हुनेछन् | **कुम्भ** | : मन प्रसन्न रहनेछ |
| **कन्या** | : पठन-पाठनमा प्रगति हुनेछ | **मीन** | : विरोधी परास्त हुनेछन् |

# प्रतिनिधि सभामा विपक्षी दल काँग्रेस नै हो



✍ रामनारायण विडारी

यो संघीय संसदमा सत्ता पक्षका बारेमा खासै चर्चा छैन । तर विपक्षी दलका बारेमा अहिले चर्चा चल्न थालेको छ । विपक्षी दलको सम्वन्धमा विभिन्न किसिमका तर्क वितर्क सुनिन्छ । हाम्रो देशमा विज्ञ भनिनेले पनि आफू खुशी भएर व्याख्या गरेको पाइन्छ । एकताका सांसद नभएको व्यक्ति मन्त्री हुनु अपवाद मात्र हो भनेर जसले व्याख्या गरे, तिनैले आफ्नो स्वार्थमा सो व्याख्या नमिल्ने भएपछि आफ्नै व्याख्या संशोधन गरेर विज्ञता देखाए ।

एकताका संसदीय सुनुवाइ नभई वा अध्यादेशवाट संवैधानिक परिषदसम्वन्धि ऐन संशोधन गरेर नियुक्ति गर्नु गैरसंवैधानिक हो भनेर व्याख्या गरे । तर त्यही कुरा आफूमा लागु हुने भएपछि अर्कै व्याख्या गरेर नियुक्ति लिएर पदमा पुगे । जो सांसद केपी ओलीजीको पहिलो संसद विघटन विरुद्धमा आफै रिट लिएर अदालत पुगे । तर आफ्नो स्वार्थपूर्ति हुने देखिएपछि दोश्रो पटकको विघटनमा अर्कै व्याख्या गरेर बसे ।

तसर्थ, संविधान वा कानुनको व्याख्या गर्दा व्याख्याका सर्वमान्य सिद्धान्त, विधिशास्त्रीय मान्यता र कानुनी व्यवस्था हेरेर गर्नुपर्ने हुन्छ । कानुनको व्याख्या कहिले अक्षरस गरिनुपर्ने हुन्छ भने कहिले समग्रमा व्याख्या गरिनुपर्ने हुन्छ । हाल विज्ञ पनि धेरै प्रकारका देखिन्छन् । कोही सामाजिक सञ्जालको तर्फवाट विज्ञ । कोही मन परेका वा स्वार्थ मिलेका सरकारी पदाधिकारीवाट अघोषित रुपमा कायम गरिएका विज्ञ । कोही तोकिएको सिलेवसमा बसेर परीक्षामा सामेल भएर उत्तीर्ण भएको विज्ञ । कोही व्यवहारमा परेर अनुभव र अनुभूतिवाट प्राप्त गरेको ज्ञानको विज्ञ । कोही विश्वविद्यालयवाट घोषित भएका विज्ञ ।

यी सबै विज्ञको विज्ञता कसैको आग्रह र विग्रहमा बग्ने गरेको देखिन्छ । वास्तवमा विज्ञताको कसीमा विज्ञ हुने मान्छेको खोजीमा हिँड्दा हिँड्दा थाकिएको छ ।अहिले पनि संसदमा विपक्षी दल भनेको कसरी हुन्छ ? हालको सन्दर्भमा संसदमा विपक्षी दल कुन हो ? भन्ने विषयमा विज्ञको नाममा विभिन्न धारणा सार्वजनिक भैरहेको देखिन्छ । यसै सन्दर्भमा मेरो पनि ध्यान मोडिएको छ ।

संविधानको सुरुदेखि अन्त्य सम्मका धारामा जम्मा एक ठाउँमा मात्र प्रतिनिधि सभा विपक्षी दलको नेता भन्ने वाक्याश परेको देखिन्छ । संवैधानिक परिषदको सदस्य छ जनामध्ये एकजना प्रतिनिधि सभाको विपक्षी दलको नेता रहने उल्लेख छ । यो विपक्षी दल कसरी वन्छ ? कस्तो हुन्छ ? किटान साथ व्याख्या छैन ।

संसदीय प्रणालीमा सत्ता पक्ष र विपक्ष हुन्छ भन्ने मान्यता चलिआएको भनेर व्याख्या गरिन्छ र भनिन्छ । संविधानमा संसदीय प्रणाली भनेपछि सो प्रणाली वेलायत लगायतका देशमा हेर्नुपर्छ लेखेर साध्य हुँदैन भनेर टार्ने गरिन्छ । यही कोरा नाराका भरमा केपी ओलीजीले संसदीय प्रणालीको अभ्यास भनेर प्रतिनिधि सभा विघटन गरिदिनु भयो । जसलाइ सर्वोच्च अदालतले व्याख्या गरेर स्पष्ट पारेको छ ।

संसदीय व्यवस्था पनि आआफ्नो देशको संविधान अनुसारको व्यवस्था वमोजिम हुने हो । सवै एक रुपको हुँदैन । वेलायत र नेपालमा आधारभूत रुपमा फरक के छ भने वेलायत संसदीय सर्वोच्चतामा चलेको छ भने नेपाल संवैधानिक सर्वोच्चतामा चलेको छ ।

प्रतिनिधि सभा नियमावली पनि संसदको निर्वाचन भएपछि नयाँ बन्दछ । यसमा पनि विपक्षी दलको खास व्यवस्था छैन । संसदीय दलहरुको व्यवस्था भने छ । संसदीय दल त सत्ता पक्षसहित सवै दलको संसदीय दल हुनेछ । संसदले सुविधा दिने विषयमा भने संसदीय दलको केही मापदण्ड संघीय संसदका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधासम्वन्धि ऐन, २०७३ तोकेको छ ।

प्रतिनिधि सभा नियमावलीको नियम २ को परिभाषा खण्डको प्रकरण (घ) मा पदाधिकारीको परिभाषा गरिएको छ, जसमा प्रतिनिधि सभाको विपक्षी दलको नेतालाई पनि समावेश गरिएको छ । तर यसमा राष्ट्रिय सभाको विपक्षी दलको नेतालाई समेटेको छैन ।

यसको अर्थ यो हुन जान्छ कि यो ऐनले प्रदान गरेको सुविधा प्रतिनिधि सभालाई मात्र हुन्छ । यो नियमावलीले पनि विपक्षी दलको नेता कसलाई भन्ने वारेमा वोलेको पाइँदैन । संसदको पदाधिकारीमा विपक्षी दलको नेता पनि पर्ने कुरा उल्लेख छ ।

अब आयो विपक्षी दलको नेता संविधानमा पनि परिभाषित छैन, प्रतिनिधि सभा नियामावलीमा पनि छैन । संघीय संसदका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुविधासम्वन्धि ऐन, २०७३ ले पनि दफा २ मा पदाधिकारीको परिभाषामा विपक्षी दलको नेता भनिएको छ । तर, विपक्षी दलको परिभाषा गरिएको छैन ।

समग्रमा प्रचलित नेपाल कानुनले विपक्षी दलको परिभाषा गरिएको छैन । यही ऐनको दफा २ को प्रकरण (ङ) मा विपक्षी दलको नेता बारेमा किटान गरिएको छ । तै पनि विपक्षी दलको किटान छैन । तसर्थ यही प्रकरणलाई आधार मानेर विपक्षी दल पैल्याउनु पर्ने भएको छ ।

एकै प्रतिनिधि सभामा विभिन्न संसदीय दल हुनेछन् । त्यस्ता संसदीय दललाई संसद सचिवालयले सुविधा दिने प्रयोजनको लागि केही मापदण्ड यो ऐनले तोकेको छ ।

मन्त्रिपरिषद गठन गर्ने वा समर्थन गर्ने दल विपक्षी दल हुन सक्दैन । ती बाहेकका संसदीय दलमा कम्तीमा दस प्रतिसत सदस्य भएको र त्यस मध्येको धेरै सदस्य भएको दलको नेतालाइ नै विपक्षी दलका नेता मान्नु पर्नेछ ।

बराबरी सदस्य भएको दल दुइ वा सो भन्दा बढी भएमा सहमतिमा नेता छानिनेछ । कुनै पनि दलको दस प्रतिसत सदस्य नभएमा सभामुखले तोकेको दल नै विपक्षी दल हुनेछ ।

माथि उल्लेख भएको व्यवस्था नै विपक्षी दल कायम हुने कानुनी व्यवस्था हो । अव वर्तमान अवस्थामा प्रतिनिधि सभाको विपक्षी दल कुन हो त ? कुन दल संवैधानिक परिषदमा विपक्षी दलको नेता हैसियतले प्रतिनिधित्व गर्दछ भन्ने वारेमा यकिन यही कानुनअनुसार गर्ने हो । सोही दलको नेताले कानुन वमोजिमको सुविधा पाउने र परिषदको सदस्य हुने हो ।

केही विज्ञहरुको धारणा छ कि नेपाली काँग्रेसले वर्तमान प्रचण्ड नेतृत्वकोसरकारलाई विश्वासको मत प्रतिनिधि नियमावलीको नियम १५२ वमोजिमको प्रस्तावमा पक्षमा मतदान गरेकोले सो दल विपक्षी दल हुन सक्दैन ।

अव प्रश्न आउँछ । विश्वासको मतको प्रस्ताव सरकारले सदनमा पेश गरेको हो । यसमा नियमावलीको प्रस्तावसम्वन्धि सिद्धान्त र नियम लागु हुन्छ । सरकारले पेश गरेको प्रस्तावमा विपक्षीले सधैँ विरोध गर्नु पर्ने होइन । कहिले पक्षमा पनि मतदान गर्न सक्छ । यसरी मतदान गरेमा पनि उ विपक्षी नै हुन्छ ।

सरकारले कयौ यस्ता प्रस्ताव पेश गर्दछ, जसमा विपक्षीले विपक्षमा मतदान गर्नै सक्दैन । जस्तै जनतालाइ दिने महामारीका सुविधा र कार्ययोजना यसमा विपक्षीले पनि मतदान गर्न सक्छ । तर उ विपक्षी नै कायम भएको हुन्छ ।

यस्तै, हाम्रो संविधानले सरकारको गठन धारा ७६ अनुसार चार किसिमले गर्न सक्छ । वहुमतवाला दलको एकल सरकार । दुइ वा दुइ भन्दा वढी दल मिलेर वनाउने संयुक्त सरकार । संसद भित्रको वहुमत नभएको तर सदस्य संख्याको आधारमा ठूलो दलको सरकार । कुनै प्रतिनिधि सभाको सदस्यले वहुमत वनाएर सरकार चलाउने आधार देखाएर वन्ने सरकार ।

यो सरकार गठनको कुरा हो । यो सरकारलाई गठनको वेलामा सहीछाप गरेर समर्थन गर्ने कार्य गरेको अवस्थामा माथि उल्लेख गरेको ऐनको दफा २ को परिभाषा खण्डको प्रकरण (ङ) आकर्षण हुने हो ।

तर नेपाली काँग्रेसले सरकार गठन गर्दा संलग्न पनि भएन, तत्काल समर्थन पनि गरेन । उसले सरकारको प्रस्तावमा मत मात्र जाहेर गरेको हो । तसर्थ, उ सरकारमा संलग्न होइन । सरकारमा संलग्न नभएको दल विपक्षी दल हो । सरकार गठनमा सहभागी नभएको दल विपक्षी दल हो । सरकारलाई समर्थन गरेर पत्र नपठाएको दल विपक्षी दल हो ।

यसर्थ, काँग्रेस विपक्षी दल हो । धारा ७६ को उपधारा (१) र (३) वमोजिम गठन हुने सरकारलाई अरु दलको समर्थन आवश्यक हुँदैन । तर उपधारा (२) (५) वमोजिम गठन हुने सरकारलाई अरु दलको समर्थन अनिवार्य चाहिन्छ ।

सरकार गठन र समर्थन एक अवस्था हो भने सरकारले विश्वास मागेको प्रस्ताव अर्को अवस्था हो । तसर्थ, विपक्षी दल संसदमा संख्याको आधारमा पनि काँग्रेस नै हो । अरु संसदीय दलको विपक्षी दल बन्ने हैसियत नै पुग्दैन । वास्तविक कुरा यही हो ।

*(साभार: रातोपाटी)*

# स्वार्थको द्वन्द्वः परीक्षामा नयाँ मन्त्रीहरू

✍ खिमलाल देवकोटा

आफ्नो पेशागत वा व्यावसायिक स्वार्थ मिल्ने सार्वजनिक ओहोदामा बस्न वा स्वार्थ मिल्ने व्यक्तिलाई त्यस्तै सार्वजनिक ओहोदामा राख्न नहुने विश्वव्यापी मान्यता छ । यो मान्यतालाई 'स्वार्थको द्वन्द्वको सिद्धान्त' अर्थात् 'प्रिन्सिपल अफ कन्फ्लिक्ट अफ इन्ट्रेस्ट' भनिन्छ । नेपालमा भने स्वार्थ मिल्ने व्यक्तिलाई नै विज्ञ मानेर निर्णय गर्ने तहमा संलग्नता सुनिश्चित गरिँदै आएको छ । निजी स्वार्थ जोडिएका व्यक्ति नै त्यही मन्त्रालयको जिम्मेवारीमा पुग्छन् । केही ताजा उदाहरण हेरौं-

- विदेशी नागरिकता लिएर नेपाली नागरिकता रद्द भएको भन्ने मामला सर्वोच्च अदालतमा विचाराधीन छ, सोको अनुसन्धान गर्ने निकाय नेपाल प्रहरी हो । नेपाल प्रहरीको हाकिम मन्त्रालय गृह हो र गृहमन्त्री स्वयंको हो यो विवाद ।
- वैदेशिक रोजगारीमा गएकाहरू विदेशमा अलपत्र परेको विषय सामाजिक सञ्जालमा भाइरल भइरहेका बेला सो विवाद हेर्ने विभागको तालुक मन्त्रालय श्रम तथा रोजगार मन्त्रालयको नेतृत्वमा म्यानपावर व्यवसायी आएका छन् ।
- अखितयारको मुद्दा झेलिसकेका देशका 'क' वर्गका ठेकेदारलाई शहरी विकास मन्त्री बनाइएको छ ।

अरू पनि थुप्रै होलान्, तर उपरोक्त तीनै जना मन्त्रीको अलग परिचय छ । उनीहरू कांग्रेस, एमाले र माओवादी बाहेक पार्टीको प्रतिनिधित्व गर्दछन् । 'कांग्रेस, एमाले, माओवादीका नेताहरू भ्रष्ट भए त्यसकारण उनीहरूलाई रोक्नुपर्छ' भन्ने चुनावी नारामा उनीहरूले जित हासिल गरेका हुन् । अझै प्रष्ट गर्दा उनीहरू 'सुशासनलाई प्राथमिकतामा राख्ने' र 'भ्रष्टाचार गर्नु भनेको आमाको रगत खानु बराबर हो' भन्ने भाष्यबाट चुनाव जितेका व्यक्तिहरू हुन् ।

**केही सिद्धान्तका कुरा**

'होलिस्टिक सेल्फ रियलाइजेशन' पुस्तकका लेखक स्टेफन इमण्ड लेख्छन्- '९० प्रतिशत सम्बन्ध असमझदारीका कारणले जन्मन्छन् । बाँकी सम्बन्ध स्वार्थ बाझिएका कारणले जन्मन्छन् । असमझदारीहरू सम्झौतामा टुंगिन्छन्, तर स्वार्थ बाझिएका विषयहरू समाधानको बाटो पहिल्याउनबाट चुक्दछन् । त्यसैले ९० प्रतिशतको असमझदारीभन्दा १० प्रतिशतको स्वार्थ बाझिएको विषय सम्बन्ध सिध्याउनका लागि ९ गुणा बलवान हुन्छ ।'

यसैगरी भारतीय संविधानसभाका अध्यक्ष बी. आर. अम्बेडकरले भनेका छन्- 'जहाँ नैतिकता र पैसाको स्वार्थ बाझिन्छ त्यहाँ जहिले पनि पैसाकै जित हुनेछ जबकि पैसा र नैतिकतामा जित नैतिकताको हुनुपर्ने हो । तर निहित स्वार्थहरूले जबर्जस्ती गर्न पर्याप्त बल नपाएको अवस्थामा बाहेक स्वेच्छाले आफूलाई अलग गरेको थाहा छैन ।'

आफ्नो स्वार्थ जोडिएको विषयमा निर्णय गर्नुहुँदैन । त्यस्तो पदमा रहे/भएको अवस्थामा पनि सोही व्यहोरा जनाएर उक्त निर्णय गर्ने कार्यबाट अलग रहनुपर्दछ । अर्थात् निर्णय गर्नुअघि यो विषयमा मेरो स्वार्थ छैन भनेर सार्वजनिक रूपमा घोषणा गरेर मात्रै सो काममा हात हाल्नुपर्छ भन्ने विश्वव्यापी मान्यता छ ।

आफ्नो स्वार्थ जोडिएको विषयमा निर्णय गर्नमा सहभागी नहुने मात्रै हैन सो विषयको छलफलमा समेत सहभागी हुनुहुँदैन भन्ने गरिन्छ । यसो गर्नु पछाडिको कारण सार्वजनिक ठाउँबाट भएका निर्णयहरूको विश्वसनीयता बढाउने प्रयत्न पनि हो । इन्साफ गर्ने ठाउँमा भनिन्छ, 'न्याय गर्ने मात्रै हैन न्याय गरेको देखिनु पनि पर्छ ।' ठीक त्यसैगरी कार्यकारी ठाउँमा पनि निर्णय ठीक गर्ने मात्रै हैन ठीक गरेको देखिनु पनि पर्छ भन्ने अपेक्षा गरिन्छ ।

प्रथम दृष्टिमा नै अपेक्षित निर्णयप्रति अविश्वास रह्यो भने जतिसुकै इमानका साथ निर्णय गरे पनि त्यो सही थियो भन्ने निष्कर्ष निस्कँदैन । त्यसैले निर्णय गर्ने ठाउँमा बसेकाहरूले बिर्सनै नहुने कुरा के हो भने 'निर्णय निष्पक्ष, न्यायपूर्ण र सही भएको थियो, भएको छ र भविष्यमा पनि हुनेछ' भन्ने विश्वास जगाउन जरूरी छ । यो विश्वासको अभावमा जतिसुकै राम्रो निर्णय पनि अविश्वासका कारणले गलत ठहरिन बेर लाग्दैन ।

आफ्नो स्वार्थ जोडिएको विषयमा निर्णय गर्नुहुँदैन भन्ने विषय एक व्यक्तिले एकै पटक दुई मालिकको सेवा गर्न सक्दैन भन्ने मान्यतामा आधारित नैतिक बन्धन हो । एकातिर सार्वजनिक कर्तव्य र अर्कोतिर निजी स्वार्थ छ भने दुवैमा उसले न्याय गर्न सक्दैन, तसर्थ यस्तो मामलामा जुनसुकै व्यक्ति, जतिसुकै ठूलो पदाधिकारी भए पनि उक्त निर्णयबाट अलग रहनुपर्छ भन्ने मान्यता विश्वव्यापी रूपमा स्थापित छ ।

भ्रष्टाचार विरुद्ध संयुक्त राष्ट्रसंघीय महासंघीय अनुबन्धले स्वार्थ बाझिने विषयमा तीन तत्वको संलग्नतालाई प्रष्ट गर्दछ- पहिलो, सार्वजनिक जिम्मेवारी, दोस्रो निजी स्वार्थ र तेस्रो काम कारबाहीमा अनुचित दबाव । अर्थात् सार्वजनिक र निजी स्वार्थ बाझियो भने त्यसको अवश्यंभावी परिणाम भनेको अनुचित दबावका माध्यमबाट अनुचित कार्य नै हो ।

आर्थिक सहयोग तथा विकास संगठनले समेत स्वार्थ बाझिने मामलामा एक मापदण्ड नै स्थापित गरेको छ । उसको निष्कर्ष छ, 'जब स्वार्थ बाझिने विषयमा निर्णय हुन्छ त्यहाँ भ्रष्टाचार हुन्छ ।'

**स्वार्थका केही व्यावहारिक कुरा**

सिद्धान्त र शास्त्रका कुरा गरेपछि नेपाली राजनीतिको चर्चा गर्न अनिवार्य जस्तै हुन्छ । हालै गठित मन्त्रिपरिषदको चित्र उक्त शास्त्र र मान्यताका कसीमा राखेर हेर्दा परिणाम नकारात्मक आउँछ ।

व्यवहारत: स्वार्थ बाझिने मान्यतामा नेपाल कहाँ छ त ? सदाचार, पारदर्शिता र सुशासन सँगसँगै भ्रष्टाचार निर्मूल गरिछाड्ने नारा र व्यवहारमा कति अन्तर छ ? कथनी र करनीका बीचमा भएको अन्तरलाई कसले नियाल्ने ? वा 'सत्ता बाहिर छँदा एउटा कुरा र सत्तामा गएपछि अर्को कुरा नेपाली राजनीतिको चरित्र बनेको छ' भन्दै सत्तामा चढेकाहरूले यो प्रश्नको सामना कसरी गर्ने होला ? वर्षौंदेखि ठगिदै र झुक्किँदै आएका मतदाता यसपटक झन् बढी बेवकुफ भइएछ भन्ने निष्कर्षमा पुगे भने हाम्रो देश र समाजको अवस्था के होला ?

उपरोक्त गम्भीर प्रश्नहरूको जवाफ सार्वजनिक जवाफदेहीमा बसेका व्यक्तिले अनिवार्य रूपमा दिनुपर्दछ । दोहोरो स्वार्थमा रहेको सार्वजनिक पदाधिकारी निष्पक्ष हुनै सक्दैन । एउटा स्वार्थलाई न्याय गर्दा अर्को स्वार्थमाथि घात वा अन्याय भइराखेको हुन सक्दछ । स्वार्थ बाझिएको अवस्थामा निर्णय गर्ने अधिकारी सो निर्णयबाट वा सो पदाधिकारबाट अलग रहन अनिच्छुक रह्यो भने त्यहाँ आग्रह-पूर्वाग्रह रहेकै देखिनेछ । आफ्नो स्वार्थ पनि पूरा हुने गरी खास निर्णय गर्दा सेटिङहरू हुन्छन् । त्यसबाट राज्यका निकायहरूको मोराल गिराउने काम पनि हुन्छ । राज्यका निकायहरूको समेत विश्वसनीयता धरासायी पार्ने काम हुने गर्दछ भन्ने कुरा ठोकैरै भन्न सकिन्छ । जब मन्त्री, पदाधिकारी वा निजामती कर्मचारीहरूका वित्तीय वा व्यक्तिगत सम्बन्धहरू हुन्छन् तिनले हरेक निर्णय वा कार्यहरूलाई असर गर्न सक्छन् ।

**"कन्फिलक्ट अफ इन्ट्रेस्ट"को परिणाम**

स्वार्थको द्वन्द्वले संलग्न व्यक्ति र संस्थाहरूका साथै जनताका लागि गम्भीर परिणामहरू निम्त्याउन सक्छ । आफ्नो निजी स्वार्थका कारण तिनीहरूले अनैतिक, अपारदर्शी वा अवैध व्यवहारको नेतृत्व गर्न सक्छन् । नीतिगत भ्रष्टाचार यसको सबभन्दा डरलाग्दो परिणाम हो । नीतिगत भ्रष्टाचारका अलावा अवैध कारोबार, अपारदर्शी व्यापार वा घुसखोरी जस्ता धन्दाहरू फस्टाउनेछन् । तिनीहरूले सिंगो राज्यका निकाय, पदाधिकारी र सार्वजनिक संस्थाहरूप्रति जनताको विश्वासलाई पनि कमजोर बनाउन सक्छन् ।

निजी स्वार्थपूर्तिको कारणले राज्यका संरचना, सार्वजनिक पदमा रहेका पदाधिकारी, राजनैतिक दल, तिनका नेता-कार्यकर्ता, समर्थक, शुभचिन्तक र आम जनता समेतलाई सेटिङमा चल्न बाध्य बनाइयो भने राज्य संचालनको पद्धति पूरै ध्वस्त हुन्छ । राज्य राज्य जस्तो नभएर सेटिङमा चल्ने संयन्त्रमा बदलिएपछि कानुनी राजको अवधारणा समाप्त हुन्छ । लोकतन्त्र मासिन्छ र, अन्तत: राज्यको वैधता गुमेर निरंकुशताले टाउको उठाउँछ । आखिर निरंकुशतालाई नै मलजल पुर्‍याउने काम लोकतन्त्रका नाममा वा अरू केहीका नाममा भयो भने पनि आखिर परिणाम निरंकुशता नै हो भने त्यो कसैको प्रिय वस्तु हुनेछैन ।

आधुनिक जमानामा मानिस राज्यद्वारा निर्माण गरिएका संरचना र ती संरचना संचालन गर्ने पदाधिकारीहरूको विश्वासमा आफ्नो जीउ र धन सुरक्षित भएको ठानेका हुन्छन् । यसै विश्वासमा राज्यले बनाएको कानुन र निर्धारण गरेको कर तिर्ने कबुल पनि गरेका हुन्छन् । जब यो विश्वास गुम्दछ तब राज्यले बनाएका कानुन नमान्ने र राज्यले तोकेको कर नतिर्ने अवस्थाको सिर्जना हुन्छ । फलत: चरम अराजकताको आरम्भ हुनेछ । अराजकतामा विद्यमान नियम कानुनले काम गर्दैन । अराजकताको पहिलो निशाना सार्वजनिक पदाधिकारी नै हुँदारहेछन् भन्ने बुझ्न हाल सालैको श्रीलंका हेरे पुग्छ ।

**सम्बोधनको सवाल**

स्वार्थको द्वन्द्वलाई सम्बोधन गर्न धेरै मुलुकले ध्यान केन्द्रित गरेका छन् । पहिचान गरिएका स्वार्थका मामलालाई व्यवस्थापन गर्न स्थायी प्रकृतिका संयन्त्रहरू बनाएर तिनको विना शर्त पालना गरिएको छ । यसमा व्यक्तिलाई उनीहरूको वित्तीय र व्यक्तिगत स्वार्थहरू खुलाउन, आचारसंहिता पालना गर्न र अनुगमन/निरीक्षणमा तदारुकता देखाएका छन् ।

स्वार्थको द्वन्द्वले अनैतिक, अपारदर्शी, अवैध वा गैरकानुनी व्यवहार निम्त्याउँछ जसले राज्य र त्यसका संस्थाहरूप्रतिको सार्वजनिक विश्वासलाई घटाइदिन्छ ।

आफ्नो स्वार्थ बाझिएको छ भन्ने कुराको पहिलो जानकार आफैं हो । आफैंलाई नढाटेर आफैंप्रति इमानदार भई स्वार्थ बाझिएको पहिचान गर्ने र सोको स्वघोषणा गर्ने नैतिक बाध्यता सिर्जना गर्न सके मात्रै पनि यसमा सफलता हासिल गर्न सकिन्छ । स्वघोषणा सम्भव नभएमा सार्वजनिक रूपमा टिप्पणी भएको खण्डमा त्यसको पालना गर्न प्रतिबद्ध रहने संस्कार मात्रै सिर्जना गर्न सके पनि सफलता हात पार्न सकिन्छ ।

व्यक्ति वा संस्थाहरूसँग प्रतिस्पर्धात्मक चासो, सरोकार वा पक्षधरता प्रष्ट छ वा त्यसप्रतिको वफादारी स्वेच्छिक वा बाध्यात्मक छ, तिनका निर्णय वा हरेक कार्यहरू प्रभावित हुन्छन् भन्ने पनि प्रष्ट छ । स्वार्थ बाझिएका कारणले तिनको निर्णयलाई असर गर्न सक्छ भन्ने स्वयंसिद्ध छ ।

स्वार्थको द्वन्द्वले अनैतिक, अपारदर्शी, अवैध वा गैरकानुनी व्यवहार निम्त्याउँछ जसले राज्य र त्यसका संस्थाहरूप्रतिको सार्वजनिक विश्वासलाई घटाइदिन्छ । तसर्थ त्यस प्रकारको खतराबाट मुक्त हुने हो भने स्वार्थको द्वन्द्वलाई पहिचान गर्ने, स्वघोषणामार्फत सार्वजनिक गर्ने वा स्वघोषणा हुन नसकेमा सार्वजनिक टिप्पणी मात्रै आए पनि सो पद वा निर्णय प्रक्रियाबाट अलग भई सोको सम्बोधन गर्न प्रभावकारी नीति र प्रक्रियाहरूको व्यवस्थापन गर्न र तिनको प्रभावकारी कार्यान्वयन गर्ने अवस्था सिर्जना गर्न जरूरी छ ।

*(साभार: अनलाइनखबर)*

# तेक्वान्दोको हेटौंडा नगर छनौट सकियो

साझाकुरा संवाददाता

हेटौंडा, १० माघ/ जिल्लास्तरीय राष्ट्रपति रनिङशिल्ड प्रयोगिताका लागि तेक्वान्दो खेल तर्फको नगर छनौट सकिएको छ ।

चन्द्रोमय माविको व्यवस्थापनमा हेटौंडा उपमहानगर पालिका कार्यालयको आयोजनामा अन्तर मावि तेक्वान्दो छनौट प्रतियोगित भएको हो । ६ वटा उमेर समूहमा २३ जना खेलाडी छनौट भएका छन् । पुरुषतर्फ ४५ केजी मुनी तौल समूहमा युसुफ हुसेन प्रथम, विवेक ब्लोन द्वितीय तथा जेनिस चौलागाई र वैभव भट्ट तृतीय भएको तेक्वान्दो जिल्ला कार्यसमिति मकवानपुरका अध्यक्ष लालकाजीरत्न बज्राचार्यले जानकारी दिए । पुरुषको ४८ केजी मुनी तौल समूहबाट प्रथम अरबिन घलान, द्वितीय समिर तामाङ, संगम थिङ र निमेश पोखरेल तृतीय भए । ५१ केजी मुनी तौल समूहको प्रथम इमराज बज्यु हुँदा दिपेश आले मगर द्वितीय, रस्किन अधिकारी र चुन दिप तितुङ तृतीइ भएका छन् ।



महिलातर्फ ४२ केजी मुनी तौल समूहबाट रमिसा राई प्रथम, मोनिका शाह द्वितीय, अर्पणा गोले र इमिना गोले तृतीय भए । ४४ केजी मुनीको तौल समूहको प्रथम कबिना राई, द्वितीय प्रनिका राजथला र भूमिका श्रेष्ठ तृतीय भए । यसैगरी, ४६ केजी मुनी तौल समूहमा कुस्मा ब्लोन प्रथम, शुभेच्छा घलान द्वितीय, ऋचा लामा र नाम्सा शाक्य तृतीय भएका छन् । जिल्ला खेलकुद विकास समितिका अध्यक्ष भेष खड्गीको प्रमुख आतिथ्यता तथा नगर खेलकुद विकास समितिका अध्यक्ष चन्द्र शाहीको सभाध्यक्षतामा छनौट प्रतियोगिता भएको हो ।

अध्यक्ष खड्गीले खेलाडीहरुको भविष्यका लागि सरकारले ध्यान दिनुपर्ने धारणा राखे । जिल्लामा तेक्वान्दो खेलको विकासका लागि तेक्वान्दो जिल्ला कार्यसमिति खेलेको भूमिका बारे खड्गीले प्रशंसा गरेका छन् । कार्यक्रममा खेलकुद विकास समितिका कार्यालय प्रमुख माधव कोईराला, तेक्वान्दो जिल्ला कार्यसमिति मकवानपुरका अध्यक्ष बज्राचार्य, राष्ट्रपति रनिङशिल्ड कार्यक्रम संयोजक तथा चन्द्रोदय माविका प्राध्यापक धितराज ढकाल, तेक्वान्दोका संस्थापक अध्यक्ष दिलिप राजथलालगायतकाको आतिथ्यता रहेको थियो ।

# बागमतीमा तीन वटा...

तत्काल ३ वटा मन्त्रालय कटौती गर्दै ११ मन्त्रालय राखिने र राज्यमन्त्री नराख्ने मुख्यमन्त्री जम्मकट्टेलको भनाई छ । 'अहिले राज्यमन्त्री राख्दैनौं । जतिसक्दो राज्यको खर्च कटौती गर्नेछौं,' मुख्यमन्त्रीले भने । मंगलबार मन्त्रालय संख्या निर्धारण गर्न बनेको कार्यदलको प्रतिवेदन बुझ्दै उनले राज्यमन्त्र नबनाउने बताएका हुन् । विगतमा १४ वटा मन्त्रालय र १८ जना मन्त्री बनाउँदा धेरै आलोचना भएको स्मरण गर्दै मुख्यमन्त्री जम्मकट्टेलले ११ जना मन्त्री मात्रै नियुक्त हुने जानकारी दिए ।

यसअघि बागमती प्रदेशमा १४ वटा मन्त्रालय थिए । सुरुवातमा ७ वटा मन्त्रालय रहेको बागमती प्रदेशको दोस्रो मुख्यमन्त्री अष्टलक्ष्मी शाक्यले सामाजिक विकास मन्त्रालयबाट स्वास्थ्य मन्त्रालयलाई विभाजन गर्दै ८ वटा पुर्‍याएकी थिइन् । त्यसपछि प्रदेशको तेस्रो मुख्यमन्त्री राजेन्द्र पाण्डेले गठबन्धन दलहरुमा भागवण्डा पुर्‍याउन ८ मन्त्रालयलाई विभाजन गरेर १४ पुर्‍याएका थिए । भागवण्डा पुर्‍याउन मन्त्रालय विभाजन गरेपछि मुख्यमन्त्री पाण्डे र बागमती प्रदेशको देशैभरि आलोचना भएको थियो । उक्त समयमा मन्त्रालय विभाजन गर्न मुख्यमन्त्री पाण्डेलाई लिखित सहमति दिएका वर्तमान मुख्यमन्त्री जम्मकट्टेल अहिले कुनैपनि हालतमा मन्त्रालय घटाउनु पर्ने दबाबमा थिए ।

सोही दबाबका कारण उनले ३ वटा मन्त्रालय घटाउने निर्णय गरेका हुन् । मन्त्रालयको संख्या घटाएसँगै ५ दलको समर्थनमा मुख्यमन्त्री बनेका जम्मकट्टेल मन्त्रालय भागवण्डा पुर्‍याउनुपर्ने दबाबमा पनि छन् । त्यसैले उनले कार्यदलले ९ वटा मन्त्रालय कायम गर्न दिएको सुझावलाई बेवास्ता गर्दै प्रदेशको १४ मन्त्रालयलाई ११ वटामा झार्ने निर्णय गरे ।

मुख्यमन्त्री जम्मकट्टेलले विभाजित मन्त्रालयहरुको काम, उनीहरुको प्रभावकारिता र औचित्यको अध्ययन गर्न गठित कार्यदलले प्रतिवेदन बुझाइनसक्दै ११ वटा मन्त्रालय कायम रहने मुख्यमन्त्री, मन्त्रीहरु र गठबन्धन दलहरुले बताउँदै आएका थिए ।

# संगठन निर्माणमा परिचालित हुने एमालेको निर्णय

साझाकुरा संवाददाता

हेटौंडा, १० माघ/ नेकपा एमाले मकवानपुरको जिल्ला कमिटी बैठकले संगठन निर्माणमा परिचालित हुने निर्णय गरेको छ ।

मंगलबार बसेको पूर्ण जिल्ला कमिटीको बैठकले संगठन निर्माणमा परिचालित हुने निर्णय गरेको हो । माघ-चैत्रसम्म पार्टी नयाँ सदस्यता सिफारिस र पार्टी सदस्य नवीकरण गर्ने र पार्टीको पालिका, वडा र टोलसम्म, जनसंगठनको जिल्ला, पालिका र वडासम्म संगठन व्यवस्थित बनाउने निर्णय गरेको पार्टी जिल्ला कमिटीका सचिव नवीन सिग्देलले जानकारी दिए ।

जनप्रतिनिधि र सामाजिक तथा सामुदायिक संगठनहरूलाई जनहितमा प्रभावकारी रूपमा परि चालन गर्ने समेत निर्णय बैठकले गरेको जिल्ला सचिव सिग्देलले जानकारी दिए । बैठकका प्रमुख



अतिथि पार्टी स्थायी कमिटीका सदस्य काशिनाथ अधिकारीले संघ र प्रदेशको निर्वाचनले एमाले मुलुककै लोकप्रिय र बलियो पार्टी भएको प्रमाणित गरेकोले एमालेप्रति लगाईएका आरोपहरू जनमतले नै असत्य सावित गरेको बताए । उनले बैचारिक स्पष्टता, संगठननत्मक चुस्तता, जनमूखी कार्यशैली र जनसरोकारका विषयहरू पार्टी र कमिटीको प्रमुख कार्य भएकोले यसलाई अनुशरण गर्न बैठक मार्फत पार्टी पंक्तिमा अनुरोध गरे । बैठकमा पार्टी केन्द्रीय सदस्य रामेश्वर रानाले संगठनलाई सुदृढ गर्दै राजनीतिक, सामाजिक, आर्थिक र साँस्कृतिक रूपान्तरणमा ध्यान केन्द्रीत गर्नुपर्ने भनाई राख्नु भयो ।

बैठकमा जिल्ला अध्यक्ष एकालाल श्रेष्ठले मकवानपुरमा जनमतले पहिलो र सशक्त पार्टी पुन सावित भईसकेकोले यसलाई आत्मसाथ गर्दै अगाडि बढ्नु पर्नेमा जोड दिए । केन्द्रीय सदस्यहरू कृष्णप्रसाद दाहाल, जुनेली श्रेष्ठ, भारती पाठक तथा प्रदेश कमिटीका सदस्यहरूको उपस्थिति रहेको बैठकको अध्यक्षता जिल्ला अध्यक्ष एकालाल श्रेष्ठले गरेका थिए ।

# बीपी प्रतिष्ठानका उपकुलपति निलम्बन

सुनसरी/अख्तियार दुरुपयोग अनुसन्धान आयोगले 'बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानका उपकुलपति डा. ज्ञानेन्द्र गिरीविरुद्ध माघ ९ मा विशेष अदालतमा आरोप पत्र दायर गरेपछि उनी निलम्बनमा परेका छन् । आयोगले 'नपाएको ओहदा पाएँ भनी पदीय मर्यादाविपरीत कार्य गरेको,' भन्ने उजुरीका आधारमा मुद्दा अघि बढाएको हो ।



'विशेष अदालतमा आरोप पत्र दायर भएपछि डा. गिरी स्वत: निलम्बनमा परेका छन्,' अख्तियारका प्रवक्ता श्यामप्रसाद भण्डारीले भने । बैकुण्ठ अर्याल कार्यदलले बुझाएको प्रतिवेदनका आधारमा नभएर उजुरी परेको आधारमा मुद्दा दायर गरेको उनको भनाइ छ । प्रधानमन्त्री कार्यालयका सचिव अर्यालको संयोजकत्वमा गठित उच्चस्तरीय कार्यदलले २०७८ साउन १८ मा प्रतिवेदन देउवा सरकारलाई बुझाएको थियो । उक्त प्रतिवेदन बुझाएको १७ महिनामा आरोप दायर भएको हो । उतिबेलै अर्याल कार्यदलले प्रतिष्ठानमा भएका विभिन्न ३३ वटा जटिल समस्या पहिचान गरेर समाधानका लागि सुझाव दिएको थियो ।

प्रतिवेदनले 'उपकुलपतिको प्राध्यापक उपाधि पुष्टि हुने आधिकारिक कागजात उपलब्ध हुन नसकेकाले निजलाई ७ दिनभित्र प्रमाण पेस गर्न नसकेमा आफूलाई प्राध्यापक दाबी नगर्न निर्देशन दिने र प्रचलित कानुनअनुसार अन्य प्रक्रिया अगाडि बढाउने' निर्देशन दिएको थियो । कार्यदलले कार्यान्वयन समय सीमा २०७८ असोजसम्म तोकिदिएको थियो । त्यसका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको समन्वयमा प्रतिष्ठान सञ्चालक परिषद् (सिनेट) ले छलफल गरेर कारबाही प्रक्रिया अगाडि बढाउनुपर्नेसमेत कार्यदलको प्रतिवेदनमा स्पष्ट उल्लेख गरिएको थियो ।

प्रतिष्ठान सुधार्न अर्यालको भन्दा अगाडि केदारबहादुर अधिकारीको संयोजकत्वमा पनि कार्यदल गठन गरेर बृहत् समस्या समाधान प्रतिवेदन तयार गरेर सरकारलाई बुझाएको थियो । मेडिकल काउन्सिल, चिकित्सा शिक्षा आयोग, महालेखा परीक्षकको कार्यालय र प्रतिष्ठानभित्रै आन्तरिक रूपमा ४ कार्यदलले विभिन्न प्रतिवेदनहरू तयार गरेर सरकारलाई दिएका थिए ।

तत्कालीन स्वास्थ्यमन्त्री भानुभक्त ढकालको सिफारिसमा त्यो बेलाका प्रधानमन्त्री केपी शर्मा ओलीले २०७६ चैत २७ मा डा. गिरीलाई प्रतिष्ठानको उपकुलपतिमा नियुक्त गरेको थियो । उच्चस्तरीय कार्यदलले सरकारलाई प्रतिष्ठानको समस्या समाधानका लागि किटानका साथ उपायसहित बुझाएको प्रतिवेदन भने प्रम कार्यालय वा मन्त्रिपरिषद् कार्यालयमा बेवारिसे छ । 'न्याय ढिलो दिँदा पनि अरू जटिलताहरू जन्मिन्छन्,' प्रतिष्ठानभित्र हुने राजनीतिक नियुक्ति बन्द गरेर योग्यता, दक्षताका आधारमा गर्नुपर्छ भन्ने पक्षमा आन्दोलन गर्दै आएका डा. विष्णु पोखरेलले भने, 'अहिले अख्तियारले उपकुलपति गिरीको विरुद्ध आरोप पत्र त दायर गर्‍यो तर यो १७ महिनामा धेरै जटिलताहरू थपिएका छन् ।'

हालैमात्र डा. गिरीकै सिफारिसमा सहकुलपति तथा स्वास्थ्यमन्त्री भवानी खापुङले शिक्षाध्यक्षमा नियुक्त गरेका प्राडा सञ्जीव शर्मा, रजिस्ट्रार सूर्य संग्रौला प्रतिष्ठानमा छन् । संयोग कस्तो छ भने १७ महिनाअघिको अर्यालको कार्यदल सदस्यमा प्रतिष्ठानको सञ्चालक परिषद्का सदस्यका तर्फबाट प्राडा शर्मा नै थिए ।

डा. गिरीलाई प्रोफेसर भनी अनधिकृत रूपमा नियुक्त गरेको पत्र दिने डा. ज्ञानेन्द्रमानसिंह कार्कीलाई पनि मतियारको भूमिका रहेको अभियोगमा अख्तियारले मुद्दा दायर गरेको छ । गिरीको पदावधि सकिन २६ महिना बाँकी थियो । यसअघि भ्रष्टाचारमा मुछिएका उपकुलपति प्राडा राजकुमार रौनियारको मुद्दा उनको कार्यकाल सकिएको एक महिनापछि सर्वोच्चबाट सफाइ पाएका थिए । प्रतिष्ठानमा अर्बौंको कारोबार, भौतिक संरचना निर्माण, मेडिकल उपकरण र औषधि खरिद हुने भएकाले पदाधिकारी नियुक्तिमा करोडौं रुपैयाँको चलखेल हुने गरेको आशंका प्रतिष्ठानकै प्राध्यापक चिकित्सकहरूले गर्दै आएका छन् ।

# विश्व अर्थतन्त्रको मन्दीले त्रासमा वित्तीय क्षेत्र

काठमाडौं/विश्व अर्थतन्त्र मन्दीमा जाँदै गर्दा नेपालको वित्तीय क्षेत्रमा मन्दीको प्रभाव पर्नसक्ने त्रास देखिएको छ । नेपाल बैंकर्स संघले सोमबार आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा अध्यक्ष सुनिल केसीले विश्वमा आर्थिक मन्दी आउँदै गर्दा त्यसको प्रभाव नेपालमा पनि पर्नसक्ने चिन्ता व्यक्त गरे ।

कोभिडपछि लयमा फर्किँदै गरेको पर्यटन व्यवसायमा विश्व अर्थतन्त्र मन्दीमा जाँदा प्रभाव पर्नसक्ने उनले बताए । बढ्दै गरेको पर्यटकको संख्या आर्थिक बन्दी आएमा खर्च गर्नसक्ने पर्यटक घट्नसक्ने जोखिम रहेको उनले बताए ।





यस्तै विश्व अर्थतन्त्र आर्थिक मन्दीमा जाँदा रेमिट्यान्समा पनि त्यसको प्रभाव पर्नसक्ने उनको भनाइ छ । 'नेपालको अर्थतन्त्र विश्व अर्थतन्त्रसँग जोडिदै गएको छ । यस्तोमा विश्व अर्थतन्त्रमा मन्दी आउँदा त्यसको प्रभाव व्यवसामा पर्न जान्छ,' अध्यक्ष केसीले भने, 'निजी क्षेत्र प्रभावित हुँदा त्यसको प्रभाव बैंकमा पनि पर्न जान्छ । निजी क्षेत्र बलियो भएमात्रै बैंक बलियो बन्छ।'

अध्यक्ष केसीले बैंकहरुले अस्वभाविक ब्याजदर बढाए भन्ने आरोप लागे पनि त्यसमा सत्यता नभएको बताए । कोभिडपछि अमेरिका जस्तो देशमा २/३ प्रतिशतमा रहेको ब्याजदर ८ प्रतिशतसम्म पुगेको अवस्थामा नेपालमा कर्जाको औसत ब्याजदर कोभिड अगाडिको भन्दा १ प्रतिशत विन्दुले मात्रै माथि पुगेको उनले बताए ।

'कोभिड अगाडि कर्जाको भारित औसत ब्याजदर ११.८ प्रतिशत थियो । पुसमा १२.६५ पुग्यो । दोस्रो त्रैमासमा बेसरेटमा भएको वृद्धिको आधारमा कर्जाको ब्याजदर बढ्दा पनि १३ प्रतिशतको हाराहारीमा पुग्ने हो,' अध्यक्ष केसीले भने, 'अमेरिकामा १ प्रतिशत भन्दा कम रहेको ब्याजदर अर्को दुई त्रैमासमा ५.२ प्रतिशत पुग्ने अवस्था छ । त्यहाँ २/३ प्रतिशतमा लिएको कर्जाको ब्याजदर ८ प्रतिशत पुग्न लागिसकेको छ । तर, सोही अस्थामा नेपालको ब्याजदर १ प्रतिशतले मात्रै वृद्धि हुँदा त्यसलाई चाहिने भन्दा बढी नै हल्ला भयो ।'

अध्यक्ष केसीले स्थिर ब्याजदर ल्याउँदा त्यसलाई सदुपयोग नगर्ने तर, अहिले मुद्रास्फीति जस्ता कारणले ब्याजदर बढ्दा बैंकको कर्जा नतिर्ने भनेर गतिविधि हुनु गलत भएको बताए ।

'कोभिडको समयमा ब्याजदर कम भएर जाँदा सबै बैंकले परियोजना कर्जालाई लक्षित गरेर स्थिर ब्याजदर ल्याएका थियौं,' उनले भने, 'उक्त प्रोडक्ट हुँदा पनि धेरैले त्यसमा जानुभएन । आजको दिनमा पनि स्थिर ब्याजदरमा लगानी भएका कतिपय कर्जामा ९ प्रतिशत ब्याजदरको छ ।'

कार्यक्रममा बैंकर संघका प्रमुख कार्यकारी अधिकृत अनिल शर्माले आर्थिक परिदृश्य र वित्तीय तथ्यांकहरुको प्रस्तुति गर्दै पछिल्लो चार आर्थिक वर्षमा बैंकहरुको कुल निक्षेप ८५ प्रतिशत कर्जा ९८ प्रतिशतले वृद्धि हुँदा नाफा भने ४० प्रतिशतले मात्रै बढेको तथ्यांक प्रस्तुत गरेका थिए ।

बैंकहरुले व्यवसाय विस्तार गर्दा पनि वित्तीय मध्यस्थता सेवावापतको लागत घटाएर त्यसको लाभ ऋणीलाई ट्रान्सफर गरेर सेवा दिएको बताए । यसले व्यवसाय बढ्दा पनि बैंकहरुको नाफा खासै नबढेको बैंकर केसीको तर्क छ । चालु आर्थिक वर्षको दोस्रो त्रैमासमा अघिल्लो आर्थिक वर्षको तुलनामा बैंकहरुको नाफा घटेको उनले बताए ।

चालु आर्थिक वर्षमो निष्कृय कर्जा बढ्दा सम्भावित कर्जा नोक्सानीवापतको व्यवस्था बढेकोले पनि नाफा प्रभावित बनेको उनले बताए । 'असल वर्गमा वर्गीकरण भएको कर्जालाई १ प्रतिशत प्रोभिजन गर्नुपर्नेमा त्यसलाई बढाएर १.३ प्रतिशत पुर्‍याइयो । खराब कर्जा बढ्दा प्रोभिजन बढेको छ । जसले बैंकहरुको नाफा घटेको छ,' उनले भने, 'एक दशक अगाडि २४ प्रतिशत रहेको लगानीको प्रतिफल ११ प्रतिशतमा झरेको र गत आर्थिक वर्षको नाफाबाट बैंकहरुको औसत लाभांश १० प्रतिशतमा झरेको छ ।'

उनले भनेजस्तै चालु आर्थिक वर्षको दोस्रो त्रैमासमा बैंकहरुले सम्भावित कर्जा नोक्सानीको व्यवस्थाका लागि करिब १६ अर्ब छुट्याएका छन् । यस्तै ब्याज नउठ्दा रेगुलेटरी रिजर्भमा १३ अर्ब रुपैयाँ छुट्याएका छन् ।

नेपाल राष्ट्र बैंकले ल्याएको चालुपूँजी कर्जा मार्गदर्शन सम्बन्धी व्यवस्थाले गर्दा पनि निजी क्षेत्रले कर्जाको ब्याज तिर्न नसक्दा खराब कर्जा बढको हो भन्ने प्रश्नमा त्यही मात्रै कारण नभएर समग्र अर्थतन्त्र नै प्रभावित हुँदा पनि खराब कर्जामा वृद्धि भएको बैंकर केसीले बताए ।

नेपाल राष्ट्र बैंकले १ कात्तिकबाट कार्यान्वयनमा ल्याएको चालुपूँजी कर्जा सम्बन्धी मार्गदर्शनमा त्रैमासको अन्तिम महिनामा चालुपूँजी कर्जाको सीमा बढाउन नपाइने व्यवस्था छ । त्यसै चालुपूँजी कर्जाबाट बैंक ब्याज जस्ता प्रयोजन बाहिर खर्च गर्न नसक्नेगरी कडाइ गरेको छ ।

विगतमा त्रैमासको अन्तिममा ब्याज तिर्न चालुपूँजी कर्जाको स्वीकृत सीमा नै प्रयोग हुने गरको बैंकर्सहरु नै बताउँछन् ।

तर, चालु आवको दोस्रो त्रैमासमा उक्त बाटो प्रयोग गर्न नसक्दा पनि ब्याज असुलीमा समस्या भएको बैकरहरु नै बताउँछन् । हरेक वर्ष जग्गाको मूल्यसँगै धितो मुल्यांकन बढ्दै जाने र बैकहरुले कर्जाको सीमा बढाइदिँदै त्यसैबाट ब्याज असुल गर्ने गरेका थिए । तर, यसपटक राष्ट्र बैंकले चालुपूँजी कर्जा मार्गदशनमार्फत त्यसमा रोक लगाएको हो ।

नेपालको बैंकिङ दक्षिण एशियामा नै सबल र निष्कृय कर्जा अनुपात कम भएको अध्यक्ष केसीको दाबी छ । 'दक्षिण एशियाली देशमा निष्कृय कर्जा बंगलादेशको ९ प्रतिशत, भारतको ५ प्रतिशत र श्रीलंकामा ४ प्रतिशत हाराहारीमा छ,' उनले भने, 'त्यसलाई हेर्दा नेपालको बैंकिङ राम्रो व्यवस्थापन भएको छ । निष्कृय कर्जा २.२९ प्रतिशत भनेको समस्या ठूलो समस्या होइन ।' उनले वर्षको ३१ अर्ब कर तिर्ने पारदर्शी बैंकिङ व्यवसायले न्यायोचित सम्मान नपाएको बताए ।

सबै क्षेत्रमा सुधार हुँदै जाँदा निक्षेपको ब्याजदर पनि घटाएको अध्यक्ष केसीले बताए । 'मुद्रास्फीति घट्दै गएको छ । निक्षेप पुसमा राम्रो बढेको छ, पुनर्कर्जा भुक्तानी गरिसकेका छौं भने आयकरको पहिलो किस्ता उठाउँदा पनि सीडी रेसियो ८६ प्रतिशत मात्रै रहेको छ,' उनले भने, 'आयात पनि स्थिर भएकोले हामीले निक्षेपको ब्याजदर केही घटाएको छौं, कर्जाको माग नभइरहेको अवस्थामा ब्याजदर घटाएर समस्या सुधार भएको र सहज बन्दै गएको सन्देश दिएका छौं ।'

कार्यक्रममा बैंकर्स संघका उपाध्यक्ष सन्तोष कोइरालाले घर जग्गाको कारोबारमा मन्दी आउँदैमा बैंकहरु समस्या पर्छन् भन्नु गलत भएको बताए । बैंकहरुले कर्जा लगानी गर्दा असुल अरु नै आधारमा गर्ने उनले बताए । त्यसको सुरक्षणको लागि मात्रै घरजग्गा धितो लिने बताए ।

यस्तै कुल कर्जामा सीमित मात्रै घरजग्गामा लगानी हुने भन्दै त्यसको बैंकहरु नै समस्यामा नपर्ने उनले बताए । जग्गा धितोमा कर्जा दिँदा बजार मूल्यको ३० प्रतिशत मात्रै कर्जा दिनुपर्ने व्यवस्था रहेको भन्दै बैंकहरुलाई जोखिम हुन्छ भन्ने अवस्था नभएको बैंकर कोइरालाको तर्क छ ।

चालुपूँजी कर्जा मार्गदर्शनले धितोमा स्थिर सम्पत्ति नै नचाहिने भनेकोले घरजग्गालाई देखाएर बैंकिङ क्षेत्रमा समस्या आउँदैछ भन्न नहुने उनले बताए । यद्यपी बैंकिङ क्षेत्रमा सिस्टमेटिक जोखिम भने रहेको उनले बताए ।

*(स्रोत: अनलाइनखबर)*

# भन्सार जाँचपासको काम ठप्प पार्ने भन्सार एजेन्टको चेतावनी



काठमाडौं/देशकै प्रमुख भन्सार नाका मध्येको एक वीरगञ्ज भन्सार नाका ठप्प पार्ने चेतावनी वीरगञ्ज भन्सार एजेन्ट संघले दिएको छ ।

भन्सारबाट जाँचपास भएर छुटेको गाडीलाई प्रहरीले नियन्त्रणमा लिएर दु:ख दिन थालेको भन्दै वीरगञ्ज भन्सार एजेण्ट संघले जाँचपासको काम ठप्प पार्ने चेतावनी दिएको हो ।

वीरगञ्ज भन्सार एजेन्ट संघले मंगलबार निमित्त प्रमुख भंसार अधिकृत राजेन्द्र प्रसाद चुडाललाई ज्ञापन पत्र बुझाउँदै प्रहरीले भंसार परिसरबाट गाडी नियन्त्रणमा लिई गन्तब्य तर्फ जान अवरोध गरेर दु:ख दिने गरेको बिषयलाई गम्भीर रुपमा लिन आग्रह गरेको छ ।

भन्सार चेकजाँच भई भिसिटिएस प्रणालीमा इन्ट्री गरी गन्तव्य तर्फ जान लागेका गाडी भंसार यार्ड क्षेत्रबाट घुमुवा प्रहरीले नियन्त्रणमा लिई गालीगलौज गर्दै जिल्ला प्रहरी कार्यालय पर्सामा लैजाने गरेको आरोप वीरगञ्ज भन्सार एजेन्ट संघले लगाएको छ ।

प्रहरीले यसबीचमा १२ वटा गाडी नियन्त्रणमा लिएको र त्यसमध्ये १० वटा गाडी राजश्व अनुसन्धान कार्यालय पथलैयाले चेकजाँच गर्दा केही नभेटिएपछि त्यसै छोडिदिएको दावी संघले गरेको छ । अझै २ वटा गाडी प्रहरी नियन्त्रणमा रहेको वीरगञ्ज भन्सार एजेन्ट संघका सहसचिव भानुभक्त अधिकारीले बताए । उनका अनुसार ना ५ ख ३८४७ र विआर ०५ जि ९४९१ नम्बरको गाडी प्रहरीले नियन्त्रणमा राखेर राजश्वलाई बुझाएको छैन ।

एउटा विधि प्रक्रियाबाट चेकजाँच भएको गाडी अर्को निकायले हस्तक्षेप गरेर नियन्त्रणमा लिने र व्यवसायीलाई दु:ख दिने कार्य तत्काल नरोकिए बुधवारदेखि वीरगञ्ज भन्सारबाट हुने जाँचपासको सम्पूर्ण काम ठप्प पार्ने निर्णयमा भन्सार एजेन्ट संघ पुगेको सहसचिव अधिकारीले बताए ।

प्रहरीले अधिकार क्षेत्र बाहिर गएर गाडी नियन्त्रण लिँदा व्यवसायीले लोडिङ र अनलोडिङको खर्च, गाडीको डिटेन्सन चार्ज तथा मानसिक यातना समेत भोग्नुपरेको उनीहरुको तर्क छ । यस्तो अवस्थाको अन्त्य नगरेसम्म भन्सार प्रतिनिधि मार्फत हुने चेकजाँचका काम पूर्ण रुपमा ठप्प पार्ने चेतावनी संघको छ ।


के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140,
057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com



साझाकुरा


"तपाईं, हामी सबैको कुरा"

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा
राष्ट्रिय दैनिक



वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।

www.sajhakuranews.com

# हेटौंडामा आजदेखि औद्योगिक व्यापार मेला

साझाकुरा संवाददाता

हेटौंडा, १० माघ/ हेटौंडामा आज बुधवारदेखि मकवानपुर उद्योग वाणिज्य संघको आयोजनामा १० औं राष्ट्रिय औद्योगिक व्यापार महोत्सव-२०७९ सुरु हुँदैछ ।

यसअघि कोरोना महामारी लगायतका कारण करिब ३ वर्षदेखि सञ्चालन हुन नसकेको व्यापार मेला आजदेखि सुरु हुन लागेको हो । औद्योगिक व्यापार मेला २०७९ को तयारी पुरा भएको संघका अध्यक्ष कृष्ण गुप्ताले जानकारी दिए । मेला हेटौंडा-१०, स्थित टिसिएन चौरमा हुँदैछ ।

जिल्लामा उद्योग व्यापार क्षेत्रको विकास गरी समग्रमा देशकै आर्थिक विकासमा टेवा पुऱ्याउने उद्देश्यसहित मेला आयोजना हुन लागेको संघको दाबी छ । माघको २३ गतेसम्म चल्ने मेलामा ३ सय ३७ वटा स्टल रहने जनाइएको छ । ३० वटा होटल, अटोजोन १० वटा, डोममा निर्मित विषेश प्रकारका ६ वटा विभिन्न व्यापारीक स्टलहरु रहेको अध्यक्ष गुप्ताले बताए ।

उनका अनुसार करिब एक सय स्टल जिल्ला बाहिरका व्यापारीको रहेका छन् भने बाँकी स्टल जिल्लाभित्रकै रहेका छन् । स्टललाई श्रेणीमा विभिजन गरेर स्थानीय स्तरका उत्पादनलाई प्राथमिकता दिएर ५० प्रतिशत छुट समेत दिईएको उनले बताए । कृषि



खाद्य दैनिक उपभोग्य वस्तुहरु, घरेलु हस्तकला, महिला उद्यमीका उत्पादित सामानहरु, होटल, आइटी, शैक्षिक संस्था, दैनिक नि:शुल्क स्वास्थ्य शिविर, अटो सवारी साधन, राष्ट्रिय तथा बहुर्राष्ट्रिय कम्पनीका स्टलहरु, विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरुको स्टल एंव महोत्सवमा बाल उद्यान, विभिन्न कलाकारहरुको साथमा मनोरन्जन तथा चेतनामुलक सामाग्रीहरु मेलाका आकर्षक हुने अग्रवालले बताए ।

स्थानीय स्तरमा उत्पादन भएको चुच्चेखोलाको खुवा, राक्सिराङको गिठ्ठाभ्याकुर, डोको, डालो, नाङ्लो, खुर्पेटो तथा रैथाने बालीहरु कोदो, फापर, गेडागुडी लगायत प्रर्दशन तथा विक्री स्टल रहेको उपाध्यक्ष उज्वल चौलागाईले बताए । त्यस्तै हेटौंडा आइडल, हेटौंडा डान्सिङ स्टार र दुलही श्रृंगार प्रतियोगिता समेत हुने भएको छ ।

तीनै वटा प्रतियोगितामा प्रथम हुने ३०/३० हजार, द्वितीयले २०/२० हजार र तृतीयले १०/१० हजार र सान्तोना हुनेले ५/५ हजार प्राप्त गर्ने चौलागाईले बताएका छन् ।

महोत्सबमा मनोरञ्जनका लागि विभिन्न विधाका राष्ट्रिय तथा स्थानीय कलाकारहरुको प्रत्येक दिन प्रस्तुति रहने संघले जनाएको छ । मेलामा प्रवेशका लागि टिकटको मुल्य ५० रुपैयाँ तोकिएको छ भने विद्यार्थी सहुलियत टिकटको व्यवस्था गरिएको बताए । १३ दिनसम्म सञ्चालन हुने व्यापार मेला २० देखि २५ करोडको कारोबार हुने आयोजकको अनुमान छ । आज बिहीबार बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले महोत्सव उद्घाटन गर्ने तय भएको छ ।

महोत्सवलाई सफल बनाउनका लागि हेटौंडा उपमहानगरपालिका, बागमती प्रदेशका उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, संस्कृति तथा पर्यटन मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, विभिन्न निजी उद्योग, संघसंस्थाहरु सहयोग रहेको छ । यसैगरी, मेलाको हेटौंडामा व्यापार गरिरहेका कपडा व्यवसायीहरुले विरोध जनाउँदै आएका छन् । मेलाले बजारको व्यापार घटाउने भएकाले उनीहरुले विरोध जनाएका हुन् । विरोधकै बीच संघले मेला गर्न लागेको हो ।

**डान्सिङ स्टारमा ३० जना छनौट**

औद्योगिक व्यापार महोत्सव २०७९ मा हुने हेटौंडा डान्सिङ स्टारका लागि ३० जना छनौट भएका छन् । आइतबार र सोमबार भएको अडिसनबाट ३० जना छनौट भएका हुन् ।

डान्सिङ स्टार र हेटौंडा आइडल मेलाको लोकप्रिय कार्यक्रम हुन् । डान्सिङ स्टार संयोजक नीलम पाण्डेका अनुसार पहिलो अडिसनमा ९१ जनाले आफ्नो नृत्य प्रस्तुत गरेका थिए । सो मध्येबाट ३० जनालाई छनौट गरिएको हो । प्रतियोगिताको निर्णायकमा छमछमीको चौथो सिजनकी विजेता सन्ध्या आचार्य र नृत्य निर्देशक सुजन श्रेष्ठ रहेका थिए । महोत्सवकैबीच १२ गतेबाट प्रतियोगिता सुरु हुनेछ । प्रतियोगितामा उत्कृष्ट ५ जनालाई नगदसहित पुरस्कारको व्यवस्था रहेको डान्सिङ स्टार कार्यक्रम सदस्य भृगु कार्कीले बताए ।

# नक्कली स्टिकर टाँसेर गुड्न थाले अटो, मयुरी

साझाकुरा संवाददाता



हेटौंडा, १० माघ/ हेटौंडामा हेटौंडा उपमहानगर पालिकाबाट जारी स्टिकर टाँस नगरी प्रतिबन्धित क्षेत्रमा र नक्कली स्टिकर टाँस गरेर गुडेका अटो कारबाहीमा परेका छन् ।

मंगलबार जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरले हेटौंडा उपमहानगरपालिकाको निषेधित वडा क्षेत्रमा स्टिकर टाँस नगरी तिनपाङ्ग्रे सवारी साधन (अटो, मयुरी) चलाएको पाईएकोले ५७ वटा अटो तथ तथा मयुरीलाई कारबाही गरिएको हो । एउटा अटो र एउटा मयुरीले नक्कली स्टिकरको प्रयोग गरी चलाएको पाइएकोले आवश्यक अनुसन्धानको लागि जिल्ला प्रहरी कार्यालय मकवानपुर पठाईएको ट्राफिक कार्यालयले जानकारी दिएको छ । ट्राफिक कार्यालयले आगामी दिनमा स्टिकर टाँस नगरेका अटो, मयुरी हेटौंडाको निषेधित वडा क्षेत्रमा नचलाउन अनुरोध गरेको छ ।

हेटौंडा उपमहानगर पालिकाले बजारको सडक क्षमता भन्दा बढी अटो, मयुरी भएकाले दुर्घटनाको जोखिम र ट्राफिक व्यवस्थापनमा चुनौती देखिएको भन्दै गत साउनमा स्टिकर टाँस्न सुरु गरेको थियो । अब हरियो स्टिकर भएका अटो र मयुरीमात्रै हेटौंडा नगरभित्र सञ्चालन हुन पाउने छन् । बजारको सवारीचाप व्यवस्थापन गर्न उपमहानगरपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालन अनुमति प्राप्त अटो, मयुरीलाई मात्र सञ्चालन अनुमति सहितको स्टिकर प्रदान गरेको हो ।

७ पुस २०७६ सालदेखि हेटौंडा उपमहानगर क्षेत्रमा थप तीन पाङ्ग्रे सवारीसाधन दर्ता अनुमति नदिने निर्णय गरेको थियो । उपमहानगरले यातायात कार्यालयलाई थप अटो र मयुरीलाई रुटपरमिट नदिन परिपत्र गरेको हो । सोही परिपत्रलाई टेकेर २०७६ सालअघि अनुमति पाएका अटो र मयुरीहरुलाई मात्रै सञ्चालनको अनुमति दिइने भन्दै स्टिकर टाँसिएको हो । तर, उपमहानगरले रुट परमिट नदिन यातयातलाई पत्र लेखे पनि व्यवसायीहरुले मकवानपुर जिल्लाभरको परमिट बनाएर सञ्चालन गरिरहेका छन् । कतिपय व्यवसायीहरुले बारा र पर्साको रुट परमिट लिएर अटो खरिद गरेपछि पुन: प्रतिलिपि परमिट बनाउँदा सेटिङमा मकवानपुर को परमिट पनि थप गर्न लगाएको जनाइएको छ ।

# बकैया शुक्रबारबाट रनिङशिल्ड छनौट प्रतियोगिता हुने

साझाकुरा संवाददाता

हेटौंडा, १० माघ/पूर्वी मकवानपुरको बकैया गाउँपालिका स्तरीय राष्ट्रपति रनिङशिल्डको छनौट प्रतियोगिता आगामी शुक्रबार देखि हुने भएको छ ।

जिल्ला खेलकुद विकास समिति मकवानपुरले सबै पालिकामा माघ १० गतेभित्र पालिकास्तरीय राष्ट्रपति रनिङशिल्ड छनौट प्रतियोगिता सम्पन्न गर्न सूचित गरेको थियो । तर, बकैया गाउँपालिकामा भने केहि ढिलागरि आगामी शुक्रबारदेखि मात्रै गाउँपालिकास्तरीय राष्ट्रपति रनिङशिल्डको छनौट प्रतियोगिता हुने भएको हो । बकैया गाउँपालिका खेलकुद विकास समितिका अध्यक्ष बिजय लामा थिङले बकैयास्तरीय राष्ट्रिपति रनिङशिल्ड प्रतियोगिता आगामी शुक्रबारदेखि हुन लागेको जानकारी दिए । बकैयास्तरीय राष्ट्रपति रनिङशिल्ड छनौट प्रतियोगिता-२०७९ सम्पन्न गर्न बकैयाका ११ वटै वडाका विद्यालयहरुमा सूचना पुगिसकेको उनको भनाई छ । प्रतियोगिताको पहिलो दिन उद्घाटनका साथै एथ्लेटिक्स, कराँते, भलिबल र दोस्रो दिन शनिबार कबयी, उसुलगायत अन्य खेलहरु हुने थिङले बताए । यसका लागि विभिन्न खेलका खेल संयोजक चयन गरी जिम्मेवारी बाँडफाँड भइरहेको उनले बताए । छनौट प्रतियोगिताको उद्घाटन समारोह बकैया गाउँपालिका खेलकुद विकास समितिका अध्यक्ष बिजय लामा थिङको सभाध्यक्षता तथा बकैया गाउँपालिकाका अध्यक्ष धर्मराज लामिछानेको प्रमुख आतिथ्यमा सञ्चालन हुनेछ ।

## हेटौंडा क्याम्पस, हेटौंडा

### सेवा समितिको कार्यालय

विज्ञापन नं. ००४-२०७९/०८० (आन्तरिक प्रतियोगिता)

***प्रथम पटक प्रकाशित मिति : २०७९/१०/११ गते***

यस हेटौंडा क्याम्पस, हेटौंडाको निमित्त निम्न लिखित विषयको शैक्षिक पद आन्तरिक प्रतियोगिताद्वारा पूर्णकालीन स्थायी सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले योग्य नेपाली नागरिकहरूबाट मिति २०७९ फाल्गुण १६ गते साँझ ५ बजे भित्र (दोब्बर दस्तुर तिरेर २०७९ फाल्गुन २३ गते साँझ ५ बजेसम्म) हेटौंडा क्याम्पस, हेटौंडाको सेवा समितिको कार्यालय(प्रशासन शाखा)मा दरखास्त दिनुहुन यो सूचना प्रकाशित गरिएको छ । आवेदन फारम हेटौंडा क्याम्पस, हेटौंडाको प्रशासन शाखाबाट रु. ५००।- तिरी प्राप्त गर्न सकिने छ । म्याद नाघी प्राप्त हुन आएका र रित नपुगेका दरखास्त उपर कुनै कारबाही हुने छैन । आवेदन फारम साथ आवेदन दस्तुर जम्मा गरेको सक्कल बिल र आवश्यक कागजातहरूको २/२ प्रति प्रतिलिपिहरू पेश गर्नु पर्नेछ ।

**क) पद सम्बन्धी व्यवस्था:**

**अ) विषय : १. नेपाली २. शारीरिक शिक्षा** — **पद : सहायक प्राध्यापक, स्थायी**

किसिम : आन्तरिक — तलब : त्रि.वि.को प्रचलित नियम बमोजिम

पद संख्या : २ (नेपाली-१, शारीरिक शिक्षा-१) — परीक्षाको किसिम : लिखित तथा अन्तर्वार्ता

आवेदन दस्तुर : रु. २,०००।- (दुई हजार मात्र) ।

**आवश्यक न्युनतम योग्यता :** त्रिभुवन विश्वविद्यालय वा मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा न्यूनतम द्वितीय श्रेणीमा स्नातकोत्तर तह उत्तीर्ण गरेको ।

**आ) पद : कार्यालय सहयोगी (श्रेणी विहिन)**

किसिम : आन्तरिक, — तलब : त्रि.वि.को प्रचलित नियम वमोजिम

परीक्षाको किसिम : अन्तर्वार्ता

पद संख्या : १ जना — आवेदन दस्तुर : रु. १,५००।- (एक हजार पाँच सय मात्र) ।

**ख) आवश्यक कागजातहरु:**

**शिक्षकको हकमा,**

१. प्रवेशिका देखि माथिका सबै शैक्षिक योग्यताको लब्धाङ्पत्र र प्रमाणपत्रहरूका प्रमाणित प्रतिलिपिहरू ।
२. अनुभवको पत्र : त्रि. वि.का आंगिक क्याम्पस वा सामुदायीक क्याम्पसहरुमा शिक्षण सेवामा स्थायी, अस्थायी वा करार सेवामा रही काम गरेको भए सोको स्पष्ट मिति तथा कार्यालय खुलेको प्रमाणित पत्र आवेदन साथ पेश गर्नु पर्नेछ ।
३. हालसालै खिचिएको पासपोर्ट साइजको फोटो २ प्रति ।
४. नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
५. व्यक्तिगत विवरण (बायोडाटा) ३ प्रति ।
६. प्रकाशित अनुसन्धानात्मक कृतिहरू (विज्ञापन प्रकाशित हुनु भन्दा अगाडि प्रकाशित भैसकेको सम्वन्धित विषयको पाठ्यपुस्तक, सम्वन्धित विषयको सन्दर्भ ग्रन्थ, विषयगत अनुसन्धानात्मक प्रतिवेदन, विषयगत अनुसन्धानात्मक लेखहरू, विषयगत साधारण लेखहरू र स्नातकोत्तर तहको शोध निर्देशन गरिएको प्रमाणित पत्र आदि) उम्मेदवारले आवेदन फाराम साथ पेश गर्नु पर्नेछ ।

**कर्मचारीको हकमा,**

१. हालसालै खिचिएको पासपोर्ट साइजको फोटो २ प्रति ।
२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
३. व्यक्तिगत विवरण (बायोडाटा) ३ प्रति ।

**ग) उम्मेदवार हुन नपाउने व्यवस्था :**

देहायको अवस्थामा कुनै पनि व्यक्ति सेवा आयोगबाट लिइने प्रतियोगिताको लागि उम्मेदवार हुन वा रहन पाउने छैन :

(क) भविष्यमा सरकारी सेवा वा विश्वविद्यालय सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएको व्यक्ति ।
(ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको व्यक्ति ।
(ग) गैर नेपाली नागरिक ।
(घ) विज्ञापन प्रकाशित भएको मितिसम्म शिक्षक/कर्मचारीतर्फ ४५ वर्ष नाघेको व्यक्ति ।

**पुनश्च:**

१. उल्लेखित पदहरुको परीक्षाका लागि त्रि.वि.ले प्रकाशन गरेको पाठ्यक्रममा क्याम्पस सेवा समितिले स्वीकृत गरेको पाठ्यक्रम प्रयोग हुनेछ ।
२. उल्लेखित विज्ञापनमा भुलवस कुनै त्रुटी हुन गएमा सो सच्याउने अधिकार यस क्याम्पसको सेवा समितिमा सुरक्षित हुनेछ ।

सदस्य सचिव
क्याम्पस सेवा समिति
हेटौंडा क्याम्पस, हेटौंडा





## थप सुविधाका साथ हाम्रा सेवाहरु

विगत एक दशकभन्दा लामो समयदेखि निरन्तर बिरामीहरुको सेवामा समर्पित यस अस्पतालमा बिशिष्ट विशेषज्ञ डाक्टरहरुको समूहद्वारा सबै किसिमको रोगहरुको उपचार गर्ने उद्देश्यका साथ दैनिक उपचार जांच भइरहेको जानकारी गराउंदछौं ।

**कार्यरत विशेषज्ञ डाक्टरहरु :**

- हाडजोर्नी तथा नशा रोग विशेषज्ञ डा.बसन्तमान श्रेष्ठ तथा डा.आभाष तिवारी
- जनरल फिजिसियन तथा मृगौला रोग विशेषज्ञ डा. दिनेश्वरी श्रेष्ठ
- नाक, कान, घांटी रोग विशेषज्ञ डा.अनुप सञ्जेल र डा.इन्क्लाम ढुंगाना
- जनरल सर्जन डा.साजिद अन्सारी तथा डा.सरोज प्रधान
- छाला रोग विशेषज्ञ तथा यौनरोग डा.प्रमोद चौरसीया
- रेडियोलोजिष्ट डा.गेहेन्द्र भुसाल
- एनेस्थेसिया डा.सुवास लामिछाने
- दन्तरोग विशेषज्ञ डा.रञ्जना शाह
- फिजियोथेरापिस्ट डा.रवि गुरुङद्वारा दैनिक उपचार तथा जांच हुनेछ ।

साथै हामी कहा OPD सेवा, बिरामी भर्ना सेवा अत्याधुनिक मेशिनद्वारा अपरेशन, प्लाष्टर सेवा २४ सै घण्टा अत्याधुनिक मेशिनद्वारा रगत, दिसा, पिसाबको जांच सेवा एक्स-रे सेवा, भिडियो एक्सरे सि.टि.स्क्यान सेवा फार्मेसी सेवाहरु उपलब्ध छ ।

**हेटौंडा मोडेल अस्पताल**

हेटौंडा-१ स्वर्गद्वारी मन्दिरचोक, जरुवा टोल, हेटौंडा ।
मो.नं. ९७४५३२१६४८ फोन नं.: ०५७-५२२७५६

## थापाथली प्रसुति गृहका वरिष्ठ स्त्री तथा प्रसुति रोग विशेषज्ञ डा.प्रशान्त शर्मा

**अब प्रत्येक दिन**

विहान ८ बजे देखि बेलुकी ५ बजेसम्म OPD सेवा

तथा **२४ सै घण्टा**

स्त्री तथा प्रसुति रोग सम्बन्धि Emergency सेवा

**हेटौंडा सिटी हस्पिटलमा**

तसर्थ महिलाहरुमा हुने विभिन्न समस्याहरु जस्तै :

- गर्भवती महिलाका सम्पूर्ण चेक जाँच तथा डेलिभरी सेवा
- सेतो पानी बग्ने समस्या
- महिनावारी गडबडी हुने
- पाठेघर तथा तल्लो पेटको समस्याहरु
- स्तनका विभिन्न समस्याहरु
- महिला प्रजनन प्रणाली तथा निसन्तानपन सम्बन्धि समस्या

लगायत महिलाहरुमा हुने सम्पुर्ण समस्याहरुको चेक-जाँच, उपचार तथा परामर्शका लागि हामीलाई सम्झनुहोस् र स्वास्थ्य लाभ लिनु होला ।


थप जानकारीको लागि

**हेटौंडा सिटी हस्पिटल प्रा.लि.**

हेटौंडा उपमहानगरपालिका-१ फोन न.:०५७-५२०३१५

समग्र स्वास्थ्य परीक्षण (Whole Body Check Up) सेवा साथै हरेक दिन HD Quality को इण्डोस्कोपी (Endoscopy) सेवा प्रदान गरिन्छ । स्तरीय स्वास्थ्य सेवा प्रति समर्पित ।

## कपडाहरूको धुलाई र ड्राई क्लिनको लागि सम्झनुहोस्



कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याङ्केट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राई क्लिनका लागि सधैं सम्झनुहोस् ।

*कार्पेट तथा शोफाको खोलहरु घरमै गएर धोइन्छ ।*

प्रो. अमिता चौधरी

**मेरिना ड्राई क्लिनिङ्ग स्पोट**

नगरविकास रोड, हेटौंडा-४, हुप्रचौर
(निर्माण व्यवसायी संघको अगाडि)
सम्पर्क नं.: ९८४५१२६११२

## नवीकरण तथा साधारण सभासम्बन्धी सूचना

उपरोक्त सम्बन्धमा यस निर्माण व्यवसायी संघ, मकवानपुरको साधारण सभा तथा निर्वाचन कार्यक्रम यही २०७९ माघ २७ र २८ गते हुने जानकारी गराउँदै यस संघ अन्तर्गतका सम्पूर्ण निर्माण व्यवसायीहरुले आ.व. २०७९/०८० को लागि इजाजतपत्र नवीकरण गर्ने अन्तिम मिति यही २०७९ माघ २० गते सम्म रहेको हुनाले उक्त अवधिभित्र नवीकरण गरिसक्नु हुन अनुरोध गरिन्छ । अन्यथा सिफारिस नलिने तथा नवीकरण नगर्ने फर्म/कम्पनीलाई संघबाट दिइने सेवा सुविधाबाट बञ्चित गराउनुको साथै निर्वाचन कार्यक्रममा समेत भाग लिन नपाउने व्यहोरा जानकारी गराइन्छ ।

श्याम सुन्दर ढकाल
अध्यक्ष

**निर्माण व्यवसायी संघ, मकवानपुर**

हेटौंडा, मकवानपुर

## रेष्टुरेन्ट बिक्रीमा

हेटौंडाको मेनरोडमा चालु अवस्थामा रहेको रेष्टुरेन्ट विशेष कारणले बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।

**सम्पर्क नं.:**
**९८४५२९०३९१, ९८५५०८५३९१**


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना